कम्पनी रजिष्ट्रारको कार्यालय

लगानीकर्ता संरक्षण कोषको सचिवालय

त्रिपुरेश्वर, काठमाडौं।

मुद्दति निक्षेप सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको बारे।

प्रकाशित मिति २०८३/०८/०३

यस लगानीकर्ता संरक्षण कोषको सचिवालयमा रहेको केही निक्षेपयोग्य रकम एक वर्षको लागि मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गका इच्छुक वाणिज्य बैङ्कहरुले आफूले लिन चाहेको निक्षेप रकमका साथै उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर तथा ब्याज भुक्तानी प्रकृया समेत स्पष्ट खुलाई कोषले तोकेको सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भरी मिति २०८३/०८/१७ गते मध्यान्ह १२:०० बजेभित्र यस कोषको सचिवालय वा आर्थिक प्रशासन शाखा (कम्पनी रजिष्ट्रारको कार्यालयमा) पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। रीतपूर्वक पेश हुनआएका सिलबन्दी प्रस्तावहरु प्रस्तावकहरुको उपस्थितिमा सोही दिन दिनको २:०० बजे खोलिनेछ।

सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम तथा यस सम्बन्धी विस्तृत विवरण कम्पनी रजिष्ट्रारको कार्यालयको Website: www.ocr.gov.np मा गई हेर्न तथा Download गर्न सकिनेछ।

रजिष्ट्रार

कम्पनी रजिष्ट्रारको कार्यालय
लगानीकर्ता संरक्षण कोषको सचिवालय
त्रिपुरेश्वर, काठमाडौं

मुद्दति निक्षेप सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हान गरिएको बारे ।

यस कोषमा रहेको लगानी योग्य रकम रु. १,००,००,००,०००।०० (अक्षेरेपी एक अर्ब मात्र) लाई वाणिज्य बैङ्कमा मुद्दति निक्षेपमा लगानी गर्नको लागि नेपाल राष्ट्र बैङ्कबाट निर्धारित मापदण्डको अतिरिक्त तल उल्लिखित शर्तहरु पूरा गरेका नेपाल राष्ट्र बैङ्कबाट बैङ्किङ कारोबार गर्न स्वीकृति प्राप्त "क" वर्गका इच्छुक वाणिज्य बैङ्कहरुबाट मिति २०८३।०८।१७ गते बिहीवार अपरान्ह १२:०० भित्रमा कोषको सचिवालय वा कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंस्थित आर्थिक प्रशासन शाखामा प्राप्त हुने गरी आवश्यक विवरण पूर्ण रुपले उल्लेख गरी हालै प्रकाशित वित्तीय विवरणको प्रतिलिपि समेत संलग्न गरी गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

सिलबन्दी दरभाउपत्रको फाराम कार्यालयको वेभसाइट www.ocr.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। सूचनामा तोकिएको दरभाउपत्रको मान्य अवधि कम्तीमा ३५ (पैंतीस) दिन हुनुपर्नेछ। यसरी पेश भएको सिलबन्दी दरभाउपत्रमा आधिकारिक हस्ताक्षर गरिएको हुनुपर्नेछ।

प्राप्त सिलबन्दी दरभाउपत्रहरु मिति २०८३।०८।१७ गते दिउँसो २:०० बजे वा सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा कोषको सचिवालय वा आर्थिक प्रशासन शाखा (कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर) मा दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु समेतको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधापर्ने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार कोषमा निहित रहनेछ।

मूल्याङ्कनका आधारहरु

१. न्यूनतम योग्यता

(क) बैङ्क सञ्चालनमा आएको कम्तिमा ५ वर्ष पूरा गरेको।
(ख) बैङ्क लगातार पाँच वर्ष देखि मुनाफामा रहेको।
(ग) नेपाल राष्ट्र बैङ्कबाट तोकिएको न्यूनतम पूँजी कोष कायम गरेको।
(घ) निष्क्रिय कर्जा (NPL) कुल कर्जा सापटको ३ प्रतिशतभन्दा कम भएको।
(ङ) खुद तरल सम्पति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको।

(च) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैङ्कले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको।

(छ) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८६ बमोजिम कारबाहीमा परी समस्याग्रस्त घोषणा नभएको। समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको एक वर्ष अवधि पूरा भएको।

(ज) सर्वसाधारणको लागि छुट्याएको सेयर जारी गरी नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएको।

२. <u>दरभाउपत्र छनौटको मुख्य आधार</u>

न्यूनतम योग्यता पूरा गर्ने प्रस्तावदाताहरु मध्येबाट उच्चतम ब्याजदर प्रदान गर्ने आवश्यक संख्यामा प्रस्तावदाताहरु छनौट गरिने।

३. <u>अन्य शर्तहरु</u>

(क) एउटा बैङ्कलाई न्यूनतम दश करोड रुपैँयादेखि अधिकतम पच्चीस करोड रुपैँयासम्म मात्र निक्षेप रकम उपलब्ध गराइने छ।

(ख) यस सूचना बमोजिम बैङ्कहरुबाट पेश हुन आएका प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहनेछ।

(ग) यस सूचना बमोजिम भएको मुद्दति निक्षेप सम्झौताको अवधि एक वर्षको हुनेछ। तत्पश्चात् कोषको सचिवालयले एक पटकको लागि बजार ब्याजदरको आधारमा सम्झौताको नवीकरण गर्न सक्नेछ।

(घ) विशेष अवस्था परेको खण्डमा बाहेक कोषले मुद्दति निक्षेपमा राखिएको रकम फिर्ता लिन चाहेमा एक महिना अगावै सम्बन्धित बैङ्कलाई जानकारी गराई रकम फिर्ता लिन सक्नेछ।

<u>नोट</u>: प्रस्ताव पेश गर्ने बैङ्कहरुले माथि उल्लिखित शर्त तथा नेपाल राष्ट्र बैङ्कबाट निर्धारित मापदण्ड पूरा गरेको व्यहोराको घोषणा सिलबन्दी प्रस्तावपत्र साथ पेश गर्नु पर्नेछ।

दरभाउपत्र पेश गर्ने पत्रको ढाँचा

श्रीमान संयोजकज्यू,
लगानीकर्ता संरक्षण कोषको सचिवालय,
त्रिपुरेश्वर, काठमाडौं।



विषय: मुद्दति निक्षेपको लागि सिलबन्दी दरभाउपत्र पेश गरेको सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा त्यस कोषमा रहेको रकम वाणिज्य बैङ्कमा मुद्दति निक्षेपमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति २०८३।०८।०३ मा सिलबन्दी दरभाउपत्र आह्वान भए बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरु यस बैङ्कले पूरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम मुद्दति निक्षेपमा लिन ईच्छुक भएकोले सोही प्रयोजनको लागि यो सिलबन्दी प्रस्ताव पेश गरेका छौं।

लिन चाहेको निक्षेपको विवरण

प्रस्तावित ब्याजदर		अवधि	लिन चाहेको निक्षेप रकम (रु. करोडमा)		ब्याज भुक्तानी प्रकृया मासिक/त्रैमासिक	प्रस्ताव मान्य हुने अवधि
अङ्कमा	अक्षरमा		न्यूनतम (अङ्क र अक्षर दुवैमा)	अधिकतम (अङ्क र अक्षर दुवैमा)		

(क) यस.....लि. को मिति .....को त्रैमासिक वित्तीय सूचकाङ्क यस प्रकार रहेको छ

क्र.सं.	विवरण	वित्तीय सूचकाङ्क	कैफियत
१	पूँजी कोष अनुपात (Capital Fund to RWA)		
२	कर्जा निक्षेप अनुपात (CD ratio)		
३	खुद निष्कृय कर्जा अनुपात (Net Non Performing Loan –Net NPL)		
४	प्रति शेयर किताबी मूल्य रु. (Net Worth Per Share)		

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
लगानीकर्ता संरक्षण कोषको सचिवालय
त्रिपुरेश्वर, काठमाडौं

५	कुल निक्षेप रु. (Total Deposit Rs.)		
७	पूँजी कोष रु. (Capital Fund Rs.)		
८	चुक्ता पूँजी रु. (Paid Capital RS.)		
९	खुद तरल सम्पति/ स्वदेशी निक्षेप अनुपात		
१०	रियल स्टेट कर्जा अनुपात		
११	संस्थागत निक्षेप/कुल निक्षेप अनुपात		
१२	सञ्चालन भएको वर्ष		
१३	सञ्चित नोक्सानीको अवस्थामा रहे/नरहेको		
१४	नेपाल राष्ट्र बैङ्कको शीघ्र सुधारात्मक कारवाहीमा परे/ नपरेको		
१५	समस्याग्रस्त घोषणा भए/नभएको		
१६	सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैङ्कले जरिवाना वा कारबाही गरे/ नगरेको		

नोट: यस प्रस्तावको अवधिभरमा बैङ्कले प्रकाशित ब्याजदर प्रस्तावित ब्याजदर भन्दा बढी भएमा मुद्दति निक्षेप प्राप्त गरेको मितिको ब्याजदर कायम गर्न मन्जुर रहेको व्यहोरा अनुरोध छ। आजको मितिमा यस बैङ्कको प्रकाशित ब्याजदर..... प्रतिशत (.....अवधिको) रहेको छ। ब्याज भुक्तानी प्रकृया मासिक/त्रैमासिक मात्र मान्य हुनेछ।

संस्थाका आधिकारिक पदाधिकारीको

दस्तखत.....

नाम.....

पद.....

सम्पर्क फोन नं.....

संस्थाको

नाम.....

ठेगाना

छाप

मिति :-

द्रष्टव्य :- प्रस्ताव साथ माग गरिएको विवरण खुलाउने कागजात संलग्न गरिएको छ।